# स्थानीय राजपत्र

**भाग : २, खण्ड : ७, संख्या ७, राजपत्रमा प्रकाशित मिति २०८०।०४।२९**

कार्यपालिकाबाट स्वीकृती मिति : २०८०।०४।२६

प्रमाणिकरण मिति : २०८०।०४।२८

## दिपायल सिलगढी नगरपालिका, डोटी

# दिपायल सिलगढी नगरपालिकाको बालकोष सञ्चालन कार्यविधि-२०८०

# दिपायल सिलगढी नगरपालिकाको बालकोष सञ्चालन कार्यविधि-२०८०

**प्रस्तावनाः** दिपायल सिलगढी नगरपालीका भित्रका आपतकालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहत वितरण र पारिवारिक पुर्नस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि नेपालको संविधान २०७२ को भाग १८ क अर्न्तगतको धारा २२६ बमोजिम नगरसभाले स्थानिय तहको अधिकार क्षेत्रसंग सम्बन्धीत बिषयमा कानुन बनाउन सक्ने व्यवस्था तथा स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ मा भएको थप व्यवस्था अनुसार , नेपालको बालबालीका सम्बन्धी ऐन, २०७५ को परिच्छेद ६-बालअधिकार तथा बालकल्याण सम्बन्धी संस्थागत व्यवस्था अर्न्तगतको दफा ६३ बाल कोष को उपदफा (१) बमोजिम बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्नेकाम समेतका लागि एक बाल कोष रहने मर्म बमोजिम स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी बालबालिकाको हितका लागि परिचालन गर्न दिपायल सिलगढी नगरपालीका नगर कार्यपालिकाले बाल संरक्षण समिति/वडा बालसंरक्षण समितिले बाल कोषको स्थापना गर्ने भनी गरेको निर्णय बमोजिम उक्त कोष सञ्चालन गर्न देहाय बमोजिमको कार्यविधि २०८० स्वीकृत गरी लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क) यो कार्यविधिको नाम "बाल कोष संचालन कार्यविधि - २०८०" रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि तुरुन्त लागु हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

क) "कोष" भन्नाले यस कार्यविधिको ४ नं. बुंदामा उल्लेख गरे बमोजिम स्थापना गरिएको नगरपालिका स्तरिय बाल कोष सम्झनुपर्दछ ।

ख) नगरपालीका बालसंरक्षण समिति भन्नाले दिपायल सिलगढी नगरपालिका भित्र गठित बाल संरक्षण समिति र वडा बाल संरक्षण समिति भन्नाले नगरपालिका भित्रका वडामा गठित बाल संरक्षण समितिलाई बुझ्नु पर्दछ ।

ग) "वडा कार्यालय" भन्नाले नगरपालिका भित्रका वडा कार्यालयहरु लाई सम्झनुपर्दछ ।

घ) "आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका" भन्नाले कार्यविधिको ७ नं. बुंदामा उल्लेखित बालबालिकालाई सम्झनुपर्दछ ।

**३. बाल कोषको उद्देश्य**

१) आपतकालिन तथा जोखिम अवस्थामा रहेका बालबालिकाको उद्दार गर्ने,

२) आपतकालिन तथा जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई राहत उपलब्ध गराउने,

३) आपतकालिन तथा जोखिममा रहेका बालबालिकालाई पारिवारिक पुर्नस्थापना गर्ने,

४) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

५) आपतकालिन तथा जोखिम अवस्थामा रहेको बालअधिकार संरक्षण र सम्बर्द्धनको सुनिश्चितता गर्ने,

६) आपतकालिन तथा जोखिम अवस्थामा रहेका बालबालिकाहरुको पठनपाठनका लागी आवश्यक पहल कदमी गर्ने ।

**४. कोषको स्थापनाः-**

१) दिपायल सिलगढी  नगरपालीका अर्न्तगतको नगरपालिका बाल संरक्षण समिति र वडा बालसंरक्षण समितिको बैठकबाट स्वीकृत भई जोखिम वा आपतकालीन अवस्थामा रहेका वडा तथा नगरपालिका भित्रका बालबालिकाको संरक्षण गर्न नगरपालिकामा  बाल कोषको स्थापना गरिएको हुनेछ ।

२) बाल कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

क) दिपायल सिलगढी  नगरपालिकाले यस कोषमा जम्मा गर्न पठाएको रकम,

ख) वडाले यस कोषमा जम्मा गर्न पठाएको रकम,

ग) विभिन्न संघ-संस्था वा ब्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

घ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम,

**५. कोषमा रकम जम्मा गर्न सक्ने** : बालबालिकाको क्षेत्रमा नेपाल भित्र कार्यरत रहि नगरपालिका/वडा कार्यालयसँग सहकार्य गर्न चाहने अर्न्तराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुले इच्छाएको रकम कोषमा जम्मा गर्न सक्ने छन् ।

**६. लेखा परिक्षण** :-आय-व्ययको विवरणको लेखापरिक्षण प्रचलित कानुन अनुसार गराउनु पर्नेछ ।

**७. आपतकालीन एवं जोखिम अवस्थाका बालबालिका अन्तरगत देहायका बालबालिका पर्दछनः-**

१) जोखिमपूर्ण श्रममा संलग्न रहेका,

२) यौनशोषण, यौन र्दुव्यवहार, बेचविखन वा ओसार पसारमा परेका,

३) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता र्दुव्यवहारबाट पिडित बालबालिका,

४) अपांगता भएका बालबालिका,

५) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका बालबालिका,

६) हिंसाबाट प्रभावित एवं पिडित भएका बालबालिका,

७) हराएको वा वेवारिसे अवस्थामा फेला परेका बालबालिका,

८) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका बालबालिका,

९) बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धीत रहेको कारणले बेवारिसे भएका बालबालिका,

१०) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बंचित भएका बालबालिका,

११) सुस्त मनस्थीति भएका बालबालिका,

१२) अपहरण वा शरीर बन्धकमा परेका बालबालिका,

१३) सडक बालबालिका,

१४) एच.आई.भि.संक्रमित तथा प्रभावित भएका बालबालिका,

१५) समितिले तोकेका अन्य बालबालिका ।

**८. निवेदन दिन सक्ने:-**

यस कार्यविधिको ७ नं. बुदामा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी दिपायल सिलगढी नगरपालीका वा सम्बन्धित वडाहरुमा बसोबास गर्ने जो सुकै सरोकारवाला/ब्यक्तिले नगरपालिका/वडा वाल अधिकार संरक्षण समितिको कार्यालयमा बालबालिकाको विस्तृत विवरण खुल्ने गरी निवेदन दिन सक्ने छ ।

**९. खाताको सञ्चालन :-**

बाल कोषको रकम समितिको निर्णयले कुनै पनि नेपाल सरकारबाट मान्यता प्राप्त बैकमा खाता खोली जम्मा गर्न सकिने छ । खाता सञ्चालन गर्ने क्रममा चल्ति वा बचत दुबै प्रकारको खाता खोल्न सकिने छ साथै कोषको खाता संचालन प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त हस्ताक्षरमा खाता सञ्चालनमा रहनेछ ।

१०. **कोषको रकम फ्रिज नहुने** : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

११. **कार्यविधिको ब्याख्या तथा संशोधन** :- यस कार्यविधिमा भएका व्यवस्थाहरुमा कुनै विवाद आएमा कार्यपालिकाको व्याख्या नै अन्तिम निर्णय हुने छ ।

१२. **कोष खारेज हुन सक्ने अवस्था :-** कुनै कारण बस कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रर्याप्त कारणहरु सहित कार्यपालीकाले खारेज गर्न सकिने छ र कोष खारेज भएमा कोषमा रहेको रकम नगरपालीका/वडा बाल अधिकार समितिको अगुवाईमा बाल हितकारी कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

॥ समाप्त ॥

आज्ञाले

शंकर सुचिकार

प्रमुख प्रशासकिय अधिकृत